**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 24.07.2024**

## Lok Sabha-Budget

लोकसभामा केन्द्रीय बजेट 2024-25 बारे छलफल सुरु भएको छ। साथै केन्द्रशासित प्रदेश जम्मू-कश्मीरको बजेटमाथि पनि सदनमा छलफल भइरहेको छ। बहसको प्रारम्भ गर्दै काङ्ग्रेसकी कुमारी शैलजाले देशमा दिनप्रतिदिन बेरोजगारी बढ्दै गएको बताउनुभयो। छलफलमा भाग लिँदै भारतीय जनता पार्टीका विप्लवकुमार देबले 2014 मा भाजपाको सरकार आउँदा भारत पाँच कमजोर मुलुकमा परेको उल्लेख गर्नुभयो। समाजवादी पार्टीका वीरेन्द्र सिंहले भाजपा नेतृत्वको केन्द्र सरकारले बजेटमा उत्तर प्रदेशलाई बेवास्ता गरेको अनि संघीय प्रणालीमाथि प्रहार गरेको आरोप लगाउनुभयो। चर्चामा सहभागी लिँदै, तृणमूल कांग्रेसका अभिषेक ब्यनर्जीले रोजगारी, नोटबन्दी र विपक्षी नेताहरूविरुद्ध केन्द्रीय एजेन्सीहरूको दुरुपयोगको मुद्दामा सरकारको आलोचना गर्नुभयो। DMK का दयानिधि मारनले केन्द्रले केन्द्रीय बजेटमा तमिलनाडुलाई बेवास्ता गरेको आरोप लगाउनुभयो अनि नोटबन्दीको कुरा उठाउँदै, यसको मार देशका जनताले बेहोर्नु परेको बताउनुभयो। साथै, उहाँले अप्रत्याशित करको श्वेतपत्र माग गर्नुभयो।

## CM receives PM SVANnidhi Award

आज बिहान मिन्तोग्याङमा शहरी विकास विभाग मन्त्री श्री भोजराज राई र विधायक श्री देले नामग्याल बर्फुङ्पाले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई भेट **गरी पीएम स्वनिधि 'प्रशंसा' पुरस्कार 2023-24** प्रदान गर्नुभयो, जुन सिक्किमले पहाडी तथा उत्तरपूर्वी राज्यहरूको श्रेणीमा जितेको थियो। यो पुरस्कार शहरी तथा आवास मामिला मन्त्री श्री मनोहर लाल खट्टरले गत जुलाई 18 को दिन नयाँ दिल्लीको ह्याबिटेट सेन्टरमा आयोजित एक समारोहमा प्रदान गर्नुभएको थियो। मुख्यमन्त्रीले भन्नुभयो, **"पीएम स्वनिधि 'प्रशंसा' पुरस्कार 2023-24** मा सिक्किमलाई पहाडी तथा उत्तर पूर्वी राज्यहरूमध्ये दोस्रो स्थानमा पुरस्कृत गरिएको थाहा पाउँदा मलाई औधी खुसी लागेको छ। म यो सम्मान प्राप्त गर्नमा विभागको कडा परिश्रमप्रति हार्दिक बधाई तथा धन्यवाद दिन चाहन्छु।"

## Sikkim Tourism- awards

त्यसै गरी, सिक्किम पर्यटन विभागलाई 12-14 जुलाई सम्म कोलकातामा आयोजित यात्रा तथा पर्यटन मेलामा **"सर्वश्रेष्ठ पर्यावरण-अनुकूल राज्य पुरस्कार'** र **'सबैभन्दा आशाजनक ग्रामीण तथा होमस्टे गन्तव्य'** गरी दुई प्रतिष्ठित पुरस्कारद्वरा सम्मानित गरिएको छ। आज पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री टीटी भोटियाले मिन्तोग्याङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई भेट गरी यस उपलब्धीबारे जानकारी गराउनुभयो। मुख्यमन्त्रीले यो सम्मान हासिल गर्नमा पर्यटन विभाग परिवारको लगनशीलताप्रति आभार व्यक्त गर्नुभयो। कार्यक्रममा देशका सबै प्रमुख पर्यटन राज्यहरूका साथै आतिथ्य र यात्रा क्षेत्रका उद्यमीहरूको प्रस्तुति रहेको थियो। कार्यक्रममा थाइल्याण्ड, दुबई, जापान, श्रीलङ्का, नेपाल र भुटानजस्ता अन्तर्राष्ट्रिय सहभागीहरू पनि थिए। लगभग 15 हजार आगन्तुकहरूले सिक्किमको स्टल भ्रमण गरी राज्यका विभिन्न पर्यटन उत्पादनहरूबारे सोधपुछ गरेका थिए।

## Soreng-"Ek Ped Maa Ke Naam

सोरेङ जिल्ला प्रशासनको तत्वावधानमा अनि वन तथा पर्यावरण विभागको प्रविधि सहयोगमा आज सोरेङमा **"एक पेड माँ के नाम"** अभियान अन्तर्गत बिरुवारोपण कार्यक्रम सम्पन्न गरियो। वन विभागका जानकारीअनुसार आज **"एक पेड माँ के नाम"** अभियान अन्तर्गत एक हजार वटा गुराँसको बिरुवा लगाइएको छ। स्मरण रहोस्, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले **"एक पेड माँ के नाम"** अभियानको थालनी गरेपश्चात् राज्यका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले पनि गत 9 जुलाई, 2024-को दिन सिक्किम पर्यावरण पर्व अन्तर्गत यस कार्यक्रमको विधिवत सुरुवात गर्नुभएको थियो। सोही अभियानलाई व्यवहारमा उतार्दै आज सोरेङमा पनि यो कार्यक्रम सम्पन्न गरिएको हो।

## MG Marg, Shredding Machines installed

शहरी विकास विभागका मन्त्री श्री भोजराज राईले आज एमजी मार्गमा २ वटा पेट बोटल श्रेडिङ मेसिन जडानको सुरुवात गर्नुभयो। मन्त्रीले यो मेसिनले वातावरणको सरसफाइमा ठूलो भूमिका खेल्ने र फोहोर बोतलको मात्रा घटाउन मद्दत गर्ने बताउनुभयो। शहरी विकास विभागले स्वच्छ भारत मिशन अन्तर्गत राज्यमा 5 वटा श्रेडिङ मेसिन जडान गरेको छ। एमजी मार्गमा दुईवटा, नाम्ची ट्याक्सी स्ट्यान्डमा एउटा, रम्फु बजारको राजमार्गमा एउटा, र जोरथाङको ट्याक्सी पार्किङ प्लाजा नजिकै एउटा मेसिन जडान गरिएको छ। श्री राईले **"स्रोत पृथकीकरण र फोहोर व्यवस्थापन"** भन्ने विषयको नुक्कड नाटकको पनि सुरुवात गर्नुभयो।